प्रस्तावहरु

१. केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोष व्यवस्थापन कार्यविधि, २०७४ पारित गर्ने सम्बन्धमा,
२. विपद उद्दार तथा राहत वितरण (आर्थिक सहायता) सम्बन्धि मापदण्ड, २०७४ पारित गर्ने सम्बन्धमा,
३. प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि, २०७४ पारित गर्ने सम्बन्धमा,
४. विपद उद्दार तथा राहत कोष व्यवस्थापन समिति गठन सम्बन्धमा,
५. गाउँपालिका पूर्ण सरसफाई रणनीतिक योजना तयार गर्ने सम्बन्धमा,
६. युवा, महिला तथा दलित शशक्तिकरण कार्यक्रम सम्बन्धमा,
७. आयोजना व्यवस्थापन सम्बन्धमा,
८. राहत उपलब्ध गराउने सम्बन्धमा,
९. स्वास्थ्य तर्फका कर्मचारीहरुको त.भ. सम्बन्धमा,

निर्णयहरु

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोष व्यवस्थापन कार्यविधि, २०७४ पारित गर्ने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथी छलफल गर्दा विपद उद्दार तथा राहत वितरण (आर्थिक सहायता) सम्बन्धि मापदण्ड, २०७४ पारित गर्ने निर्णय गरियो ।
३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि, २०७४ पारित गर्ने निर्णय गरियो ।
४. प्रस्ताव नं. १ माथी छलफल गर्दा केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोष व्यवस्थापन कार्यविधि, २०७४ को बुँदा नं. ४ मा भएको व्यवस्था बमोजिम केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोषको सञ्चालन, आवश्यक नीति निर्माण तथा निर्देशनका लागि तपसिल बमोजिमको सञ्चालन समिति गठन गरियो ।

   तपसिल

| | | |
|---|---|---|
| १ | श्री ईन्द्र बहादुर भण्डारी | संयोजक |
| २ | श्री निशा धामी | सदस्य |
| ३ | श्री अहेन्द्र बहादुर शाही (संयोजक वातावरण तथा विपद व्यवस्थापन समिति) | सदस्य |
| ४ | श्री पिताम्बर सारु (प्र.प्र.अ.) | सदस्य |
| ५ | श्री ललित मल्ल (प्राविधिक शाखा प्रमुख) | सदस्य |
| ६ | श्री दीपक बहादुर मल्ल (स्वास्थ्य संयोजक) | सदस्य |
| ७ | श्री प्रहरी कार्यालय प्रतिनिधि | सदस्य |
| ८ | श्री नेपाल रेडक्रस प्रतिनिधि | सदस्य |
| ९ | श्री जयराज पाध्या (योजना शाखा) | सदस्य |

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस केदारस्युँ गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माण गर्ने हेतुले गाउँपालिकाको पूर्ण सरसफाई रणनीतिक योजना तयार गर्नको लागि सुआहारा (दोस्रो कार्यक्रम), बझाङ्ग तथा नेपाल रेडक्रस, बझाङ्गलाई आर्थिक तथा प्राविधिक सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ७ माथी छलफल गर्दा केदारस्युँ गाउँपालिकाको गाउँसभाबाट पूँजीगत सामाजिक विकास (प्रवर्द्धनात्मक) तर्फ विनियोजित युवा, महिला तथा दलित शशक्तिकरण कार्यक्रम अन्तरगत रहेर महिलाहरुको लागि ३ महिने व्यावसायिक सिलाई कटाई तालिम सञ्चालन गर्ने निर्णय गरियो । सो व्यावसायिक सिलाई कटाई तालिमको लागि व्यावसायिक तालिम कार्यक्रमहरु सञ्चालन गर्दै आएका संस्थाहरुलाई तालिम सञ्चालनको लागि प्रस्तावना आह्वान गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ८ माथी छलफल गर्दा विविध कारणहरुले गर्दा चालु आ.व. ०७४।०७५ को लागि यस गाउँपालिकाको प्रथम गाउँसभाबाट विनियोजित पूँजीगत तर्फका कार्यक्रमहरुमा सन्तोषजनक खर्च हुन नसकिरहेको अवस्था रहेको, निकट भविष्यमै गाउँसभा अधिवेशन तथा आगामी आ.व.को योजना निर्माण तर्फ ध्यान केन्द्रित गर्नुपर्ने हुनाले चालु आ.व.को विकासका कार्यहरुमा स्वभावत: कम ध्यान पुग्न सक्ने अवस्था रहन सक्ने जस्ता कारणहरुले गर्दा चालु आ.व.का कार्यक्रमहरु द्रुततर गतिमा अगाडी बढाउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथी छलफल गर्दा दुर्गाथली गाउँपालिका वडा नं. २ स्थायी ठेगाना भएका वि.नि. श्री सुरेस मिश्रको लिभर ट्रान्सप्लान्ट उपचार खर्च सहयोगार्थ रु. ३००००।– सहयोग गर्ने निर्णय गरियो ।

९. यस गाउँपालिकामा संचालित स्वास्थ्य संस्थाहरुको कर्मचारीहरुको त.भ. बापतको रकम गाउँपालिकामा प्राप्त शशर्ततर्फ अपुग रहेको सन्दर्भमा, नपुग रहेको रकम पछि सोधभर्ना हुने गरी हाल अन्य शीर्षकहरुबाट व्यवस्था गरी स्वास्थ्य संस्थाहरुको कर्मचारीहरुको त.भ. भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्तावहरु

१. रायल प्राथमिक स्वास्थ्य केन्द्रको लागि जग्गा खरिद सम्बन्धमा,
२. योग शिविर सञ्चालन तथा मौलिक संस्कृति जगेर्ना कार्यक्रम सम्बन्धमा,
३. उपभोक्ता समिति वा लाभग्राही समुदायबाट योजना सञ्चालन सम्बन्धी कार्यविधि संसोधन सम्बन्धमा,
४. करार कर्मचारी निरन्तरता सम्बन्धमा,
५. RVWRMP मा प्रस्तावना पेश गर्ने सम्बन्धमा,
६. आर्थिक सहयोग सम्बन्धमा,

निर्णयहरु

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा केदारस्युँ गाउँपालिका वडा नं. १ स्थित रहेको रायल प्राथमिक स्वास्थ्य केन्द्रलाई ५ शैयाको अस्पतालमा स्तरोन्नती गर्ने हेतुले जग्गा उपलब्धताको लागि मिति २०७४।०९।२८ गतेको कार्यपालिकाको निर्णयानुसार निशुल्क जग्गा उपलब्धताको लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिएकोमा कोही/ कसैको निशुल्क जग्गा उपलब्ध गराउनको लागि आशय/ निवेदन प्राप्त नभएकोले आवश्यक जग्गाको लागि खरिद प्रक्रिया अपनाउने निर्णय गरियो जग्गा उपलब्धताको लागि तपसिल बमोजिमको सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

   तपसिल

| | | |
|---|---|---|
| १ | संयोजक | श्री ईन्द्र बहादुर भण्डारी |
| २ | सदस्य | श्री निशा धामी |
| ३ | " " | श्री प्रेम बहादुर धामी |
| ४ | " " | श्री गणेश बहादुर बोहरा |
| ५ | " " | श्री अहेन्द्र बहादुर शाही |
| ६ | " " | श्री लोकेश बहादुर भण्डारी |

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा यस योग शिविर सञ्चालन तथा मौलिक संस्कृति जगेर्ना कार्यक्रमको लागि त्रिवेणी धाम धार्मिक तथा साँस्कृतिक महोत्सव मुल समारोह समितिलाई भैपरि आउने चालु रकमबाट रु. ३०००००।– (तीन लाख रुपैँया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को तपसिलका व्यवस्थाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| बुदाँ नं. १५ ख<br>"…..विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिको मातहतमा रहने गरी छुट्टै निर्माण वा खरिद समिति निर्माण गर्नुपर्नेछ तर खाता भने विद्यालयको नै पनि प्रयोग गर्न सकिने छ ।" | बुदाँ नं. १५ ख<br>"…..विद्यालयको हकमा उपभोक्ता वा आम भेलाले विद्यालय व्यवस्थापन समितिलाई नै जिम्मेवारी दिने निर्णय गरेमा विद्यालय व्यवस्थापन समितिले नै वा सो को मातहतमा रहने गरी छुट्टै निर्माण वा खरिद समिति निर्माण गर्नुपर्नेछ तर खाता भने विद्यालयको नै पनि प्रयोग गर्न सकिने छ ।" |
| बुँदा नं. १६<br>"…दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्नेछ ।…" | बुँदा नं. १६<br>"…दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्नेछ । विद्यालयको हकमा भने विद्यालयको खातामा रहेको रकमको बैंक स्टेटमेन्ट उपलब्ध गराएर पनि सम्झौता गर्न सकिने छ । तर विद्यालयको खातामा आयोजनाको जम्मा रकमको १५% रकम उपलब्ध भने हुनुपर्नेछ । साथै लागत सहभागिता बापतको हुन आउने रकमको कारोबार रोक्का गरिनेछ जुन कार्यसम्पन्न प्रतिवेदन पश्चातमात्र फुकुवा गरिनेछ ।…" |
| बुँदा नं. २२<br>"उपभोक्ता समितिले आफ्नो खाताबाट पचास हजार भन्दा बढी आर्थिक कारोबार गर्दा सम्भव भए सम्म बैक वा वित्तीय संस्था मार्फत गर्नुपर्नेछ ।" | बुँदा नं. २२<br>"उपभोक्ता समितिले आफ्नो खाताबाट एक लाख भन्दा बढी आर्थिक कारोबार गर्दा सम्भव भए सम्म बैक वा वित्तीय संस्था मार्फत गर्नुपर्नेछ ।" |

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा तपसिलका कार्यालयहरुमा कार्यरत तपसिलका कर्मचारीहरुलाई मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्त सम्म लागु हुने गरि करार निरन्तरता दिने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. झोता स्वास्थ चौकी, झोता | Lab assistant श्री | रु. १२०००/ - प्रतिमहिना |
| २. खोलापोत बर्थिङ्ग सेन्टर | ANM श्री | रु. १००००/ - प्रतिमहिना |
| ३. सामुदायिक स्वास्थ्य ईकाई, वडा नं. ३ | कार्यालय सहयोगी श्री | रु. ५०००/ - प्रतिमहिना |
| ४. सामुदायिक स्वास्थ्य ईकाई, वडा नं. ८ | कार्यालय सहयोगी श्री | रु. ५०००/ - प्रतिमहिना |

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा केदारस्युँ गाउँपालिकामा आवश्यक माइक्रो हाईड्रो, खानेपानी तथा जनशक्ति उत्पादनको लागि ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनामा आर्थिक तथा प्राविधिक सहयोग हाँसिल गर्नको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो । साथै प्रस्तावनाको आवश्यक तयारीको लागि ई. ललित मल्ललाई जिम्मेवारी दिने निर्ण गरियो ।

६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा आर्थिक सामाजिक रुपमा कमजोर अवस्था रहेका तपसिल बमोजिमका व्यक्तिहरुलाई केदारस्युँ गाउँपलिका विपद उद्दार तथा राहत वितरण (आर्थिक सहायता) सम्बन्धी मापदण्ड, २०७४ बुँदा २ घ अन्तरगत रही तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | नामथर | ठेगाना | रकम | कै. |
|---|---|---|---|---|
| १ | श्री कर्ण बहादुर मल्ल | केदारस्युँ – ४ | रु. ३००००/- | गम्भिर रोग |
| २ | श्री उजला दमाई | केदारस्युँ – १ | रु. १५०००/- | Kidney damage |
| ३ | श्री इन्दु विष्ट | केदारस्युँ - ३ | रु. ३५०००/- | प्राकृतिक प्रकोपबाट मृत्यु (वीरे विष्ट) |
| ४ | श्री धुइरे कामी | केदारस्युँ - ९ | रु. ५०००/- | शारिरीक अंगभंग |

प्रस्तावहरु

१. रायल प्राथमिक स्वास्थ्य केन्द्रको लागि जग्गा उपलब्धता सम्बन्धमा,
२. अनुगमन समिति गठन सम्बन्धमा,
३. गाउँसभा सम्बन्धमा,
४. योजना संसोधन सम्बन्धमा,
५. कम्प्युटर अपरेटर करार भर्ना सम्बन्धमा,
६. सिलाइ कटाइ सामग्री खरिद सम्बन्धमा,
७. उम्मेदवार परीक्षा सञ्चालन तथा सिफारिस समिति गठन सम्बन्धमा,

निर्णयहरु

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा रायल प्राथमिक स्वास्थ्य केन्द्रको लागि जग्गा उपलब्धताको लागि मिति २०७४।१०।२१ को निर्णयानुसार जग्गा उपलब्धता (सरकारी दररेटमा खरिद)को लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिएकोमा कोही/ कसैको जग्गा उपलब्ध गराउनको लागि आशय/ निवेदन प्राप्त नभएकोले पर्ती, निशुल्क, सरकारी दररेटमा उपलब्ध जग्गाको खोजी कार्य गर्न (एक हप्ता भित्र) ऐ. मितिमा गठन भएको सहजिकरण समितिलाइ जिम्मेवारी दिने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथी छलफल गर्दा यस केदारस्युँ गाउँसभाबाट विनियोजित योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण कार्यको लागि तपसिल बमोजिमको अनुगमन समिति गठन गरियो ।
    (१) संयोजक – श्री निशा धामी
    (२) सदस्य – श्री लोकेश बहादुर भण्डारी
    (३) सदस्य – श्री चक्र बहादुर लुहार (वि क)
    (४) सदस्य – श्री बीर बहादुर खाती
    (५) सदस्य – श्री भक्त प्रसाद भट्ट
    (६) सदस्य – श्री काशीराम धामी
    (७) सदस्य – श्री प्रेम बहादुर धामी
    (८) सदस्य – श्री गणेश बहादुर बोहरा
    (९) सदस्य – श्री अहेन्द्र बहादुर शाही
    (१०) सदस्य – श्री तस्वीर वि क
    (११) सदस्य – श्री जौमती देवी बोहरा
    (१२) सदस्य – श्री योजना शाखा प्रमुख

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँपालिकाको गाउँसभाको दोस्रो अधिवेशन मित २०७४ चैत्र ८ गतेदेखी आह्वान गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिकाको प्रथम गाउसभाबाट विनियोजित तपसिल बमोजिमका योजनाहरुको औतित्यका आधारमा हेरफेर तथा संशोधनका लागि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | गाउँसभाबाट पारित भएको | वडा नं. | वास्तविक विनियोजन हुनुपर्ने | औचित्य/ आधार |
|---|---|---|---|---|
| १ | श्री नमादेउ प्रा वि भवन निर्माण | २ | नमादेउ प्रा वि जग्गा खरिद | वर्षात् मा आएको पहिरोले विद्यालयको जग्गा क्षय गरेको |
| २ | श्री शिक्षोदय मा वि भवन निर्माण | ४ | श्री शिक्षोदय मा वि जग्गा खरिद | भवन निर्माणको लागि जग्गा अभाव |
| ३ | सैन्सु मन्दिर निर्माण<br>मष्टामाण्डव मन्दिर निर्माण | ४ | मष्टा मन्दिर निर्माण | छुट्टाछुट्टै शीर्षक भएपनि एउटै मन्दिर भएको |
| ४ | चुनेपानी सि कु निर्माण (२५५०००।-) | ४ | चुनेपानी सिकु मर्मत (५५०००।-)<br>तल्खेत सिकु मर्मत (५००००।-)<br>ढाडा सिकु मर्मत (५००००।-)<br>मुस्या सिकु मर्मत (५००००।-)<br>इसरमिडा सिकु मर्मत (५००००।-) | |
| ५ | सुदडा सि कु निर्माण (२४००००।-) | ४ | सुदडा सिकु मर्मत (१९००००।-)<br>छिल्लेक सिकु मर्मत(५००००।-) | |
| ६ | सुदडा बागथला खापा मर्मत (३०००००।-) | ४ | सुदडा गाउँ खापा मर्मत (१०००००।-)<br>तल्ला बागलागाउँ खापा मर्मत (१०००००।-)<br>धुराली खापा मर्मत (५००००।-)<br>मुल्या खापा मर्मत (५००००।-) | |
| ७ | चौडिल्ली सी पोखरी मर्मत (२०००००।-) | ५ | चौडिल्ली खापा पाइप खरिद (१०००००।-)<br>ठूली खाली पोखरी निर्माण (५००००।-)<br>विनाडी खाली पोखरी मर्मत (५००००।-) | |
| ८ | महिला दलित बालबालिका शशक्तिकरण (२०००००।-) | ५ | जाडेपाताल महिला शशक्तिकरण (१०००००।-)<br>जाडेपाताल बस्ती दलित शशक्तिकरण (५००००।-)<br>जाडेपाताल बस्ती बालबालीका शशक्तिकरण (५००००।-) | ब्रेक डाउन |
| ९ | महिला बालबालिका दलित क्षमता विकास कार्यक्रम (२०००००।-) | ५ | बहुराडी महिला क्षमता विकास (१०००००।-)<br>बहुराडी दलित क्षमता विकास (५००००।-)<br>बहुराडी बालबालिका क्षमता विकास (५००००।-) | ब्रेक डाउन |
| १० | युवा महिला दलित बालबालिका शशक्तिकरण कार्यक्रम | ५ | बगडी वस्ती महिला शशक्तिकरण (१०००००।-) | ब्रेक डाउन |

| | | | | |
|---|---|---|---|---|
| | (२५००००।-) | | बगडी वस्ती दलित शशक्तिकरण (५००००।-)<br>बगडी वस्ती युवा  शशक्तिकरण (५००००।-) | |
| ११ | साननडाँडा भैसीबाधा बीरालसैन सिकु निर्माण (५०००००।-)<br>र बिरालसैन सि कु निर्माण (२०००००।-) | ५ | साननडाडा खापा टंकी निर्माण (२०००००।-)<br>विरालसैन सि कु निर्माण (३५००००।-)<br>भैसीबाधा पोखरी निर्माण (१५००००।-) | ब्रेक डाउन |
| १२ | सुल्जन प्रा वि भवन निर्माण | ५ | सुल्जन प्रा वि फिल्ड निर्माण | तात्कालीन आवश्यकता |
| १३ | चन्द्रोदय मा वि भाटसैन कम्प्युटर खरिद तथा व्यवस्थापन | ६ | चन्द्रोदय मा वि भाटसैन घेरबार निर्माण | तात्कालीन आवश्यकता |

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस गाउँपालिकाको गाउँसभाबाट पूजीगत सामाजिक विकास प्रवर्द्धनात्मक कार्यक्रम अन्तरगत कार्यक्रम महिलाहरुको लागि ३ महिने व्यावसायिक सिलाइ कटाइ सम्बन्धि तालिमका लागि आवश्यक पर्ने सामग्रीहरु खरिद गर्नका लागि खरिद समितिका संयोजक तथा प्र प्र अ लाइ जिम्मेवारी दिने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस गाउँपालिकाको दैनिक सेवा प्रवाहलाइ प्रभावकारी बनाउन एक कम्प्युटर अपरेटरको आवश्यकता रहेकोले सो को लागि खुल्ला प्रतिस्पर्धाबाट २०७५ आषाढ सम्मको लागि करारमा भर्ना लिने निर्णय गरियो । कम्प्युटर अपरेटरको योग्यता लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस गाउँपालिका ले बहुक्षेत्रिय पोषण योजना MSNP कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नका लागी १ जना सामाजिक परिचालक आवश्यकता सम्बन्धि प्रकाशित गरिएको सूचना अवधिमा दरखास्त पेश गरेका व्यक्तिहरु मध्ये प्रतिस्पर्धा मार्फत उम्मेदवार सिफारिस गर्ने प्रयोजनका लागी तपसिल बमोजिमको उम्मेदवार परिक्षा सञ्चालन तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

संयोजक श्री ईन्द्र वहादुर भण्डारी    गाउँपालिका अध्यक्ष

सदस्य  श्री निशा धामी    गाउँपालिका उपाध्यक्ष

सदस्य  श्री  गणेश वहादुर बोहरा  वडाध्यक्ष  वडा नं. ८

सदस्य  श्री हेमन्त शाही    बहुक्षेत्रिय पोषण कार्यक्रम जिल्ला संयोजक

सदस्य  श्री प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति

सदस्य  श्री दिपक मल्ल  फोकल पर्शन बहुक्षेत्रिय पोषण योजना केदारस्युँ गा.पा.

प्रस्तावहरु

१. गाउँसभा अधिवेशन सम्बन्धमा,
२. गाउँपालिका शिक्षा समिति गठन सम्बन्धमा
३. सिलाइ कटाइ तालिम सम्बन्धमा,
४. योजना संसोधन सम्बन्धमा,
५. बजेट अपुग भएका/ नयाँ कार्यक्रम सम्बन्धमा,
६. बाह्य खोप क्लिनिक बजेट सम्बन्धमा,
७. विविध ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा कार्यपालिकाको मिति २०७४।११।२२ को निर्णयले आगामी चैत्र ८ गतेबाट गाउँसभाको अधिवेशन बस्ने भनिएपनि विविध कारणहरुले सो मितिमा अधिवेशन आह्वान गर्न नसकिने भएकोले गाउँसभाको अधिवेशन आगामी बैशाख १२ र १३ गते बस्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा तपशिल बमोजिमको गाउँ शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

| क्र.सं. | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री इन्द्र बहादुर भण्डारी | अध्यक्ष | पदेन |
| २ | श्री निशा धामी | सदस्य | गापाले तोकेको गापा सदस्य मध्येबाट १ महिला सहित २ जना |
| ३ | श्री बीर बहादुर खाती | सदस्य | |
| ४ | श्री प्रेम प्र जोशी | सदस्य | गापा भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुबाट गापाबाट मनोनित |
| ५ | श्री पूर्णीमा भण्डारी | सदस्य | |

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँपालिका तथा जयपृथ्वी नगरपालिका, उद्योग विकास शाखा चैनपुर बीचको सहकार्यमा सञ्चालन हुने महिलाहरुको लागि ३ महिने व्यावसायिक सिलाइ कटाइ तालिम मिति २०७४।१२।१८ गते देखि झोतामा सञ्चालन गर्न र १० जना सहभागीहरुको छनौटको जिम्मेवारी उपाध्यक्ष श्री निशा धामीलाइ प्रदान गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिकाको प्रथम गाउसभाबाट विनियोजित तपसिल बमोजिमका योजनाहरुको औतित्यका आधारमा हेरफेर तथा संशोधनका लागि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

## तपसिल

| क्र.सं. | गाउँसभाबाट पारित भएको | वडा नं. | वास्तविक विनियोजन हुनुपर्ने | औचित्य/ आधार |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र व्यवस्थापन | १ | श्री भगवती प्रा वि चौडाला फर्निचर तथा अन्य रु. १५००००/-<br>श्री बाल विकास व्यवस्थापन रु. १०००००/- | ब्रेक डाउन |
| १ | खानेपानी तथा पाइप वितरण रु. ७०००००/-<br>दलित बस्तीमा खानेपानी निर्माण तथा मर्मत रु. ८०००००/- | ६ | खानेपानी तथा पाइप वितरण कार्यक्रम रु. १५०००००/- | रकम एकिकरण गरी कार्यक्रम गर्दा प्रभावकारी हुने देखिएको |
| २ | श्री बाँठपाली प्रा वि र केदार प्रा वि शौचालय निर्माण रु. ३०००००/- | ८ | श्री बाँठपाली प्रा वि भवन मर्मत रु. १५००००/-<br>श्री केदार प्रा वि भवन मर्मत रु. १५००००/- | ब्रेक डाउन |
| ३ | श्री महादेव प्रा वि सिम्पानी र मौभेरी प्रा वि भवन मर्मत रु. ३०००००/- | ८ | श्री महादेव प्रा वि सिम्पानी भवन मर्मत रु. १५००००/-<br>श्री मौभेरी प्रा वि भवन मर्मत रु. १५००००/- | ब्रेक डाउन |
| ४ | दलित बस्तीमा आरन र सिलाइ कटाइ तालिम रु. ३०००००/- | ८ | दलित बस्तीमा आरन तथा सिलाइ कटाइ तालिम सामग्री वितरण रु. ३०००००/- | रकम अपुगका कारण शीर्षक रुपान्तरण |
| ५ | श्री बाँठपाली प्रा वि सिराडी र नमादेव प्रा वि फिल्ड निर्माण रु. ३०००००/- | ८ | श्री बाँठपाली प्रा वि सिराडी फिल्ड निर्माण रु. १५००००/-<br>श्री नमादेव प्रा वि भवन मर्मत रु. १५००००/- | ब्रेक डाउन |
| ६ | गण्डकीगाड ल ज वि/जुइलीगाड ल ज वि दोस्रो रु. १००००००/- | ९ | विनाडा सिचाइ कुलो निर्माण तथा जुइलीगाड दोस्रो ल ज वि रु. १००००००/- | रकम अपुगका कारण शीर्षक रुपान्तरण |
| ७ | ठूलाघरी, कालसैनी र शौल्य मन्दिर मर्मत रु. ३०००००/- | ९ | ठूलाघरी मन्दिर मर्मत रु. १०००००/-<br>कालसैनी मन्दिर मर्मत रु. १०००००/-<br>शौल्या मन्दिर मर्मत रु. १०००००/- | ब्रेक डाउन |
| ८ | श्री कैलाश प्रा वि घेरबार तथा फिल्ड निर्माण रु. ३०००००/- | ९ | श्री कैलाश प्रा वि जुइल जग्गा खरिद रु. ३०००००/- | तत्कालिन आवश्यकता |
| ९ | अपाङ्ग मैत्री शौचालय निर्माण रु. १०००००/- | ९ | मिने बोहरा अपाङ्ग घर निर्माण रु. १०००००/- | तत्कालिन आवश्यकता |

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस गाउँपालिकाको प्रथम गाउँसभाबाट विनियोजन भएका तपशिल बमोजिमका योजनाहरुमा कार्यसम्पन्न गर्नको लागि रकम अभाव भएको तथा तपशिल बमोजिमका नयाँ योजनाहरुमा बजेट विनियोजन आवश्यक देखिएकोले आगामी गाउँसभा अधिवेशनबाट विनियोजन/ अनुमोदन हुनेगरी बजेट प्रस्ताव गर्ने निर्णय गरियो ।

| सि. नं. | योजना | सञ्चालन हुने स्थान | प्रस्तावित बजेट रकम | कै |
|---|---|---|---|---|
| १ | रेडियो केदार भवन निर्माण | वडा नं. ८ | रु. ८०००००/- | |
| २ | बझाङ्ग दिप क्याम्पस छात्रावास निर्माण | वडा नं. ९ | रु. २००००००/- | |
| ३ | कम्प्युटर तालिम | वडा नं. २ | रु. २०००००/- | |

| | | | | |
|---|---|---|---|---|
| ४ | वडा कार्यालय शौचालय निर्माण तथा घेरबार निर्माण | वडा नं. ९ | रु. २८१३३७/- | |
| ५ | हलोकाट्टे खैराडी सि कुलो निर्माण | वडा नं. ९ | रु. ६०००००/- | |

६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस गाउँपालिकाको लागि स्वास्थ्य -शशर्त अनुदानतर्फ (बैदेशिक अनुदान स्रोतबाट) प्राप्त बाह्य खोप क्लिनिक निर्माण कार्यक्रमकामा रु. ३०००००/- प्राप्त भएकोमा सो रकमलाइ तपसिल बमोजिम (ब्रेक डाउन) विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | योजना | सञ्चालन हुने स्थान | प्रस्तावित बजेट रकम | कै |
|---|---|---|---|---|
| १ | बाह्यखोप क्लिनिक निर्माण, कोटीगाउँ | वडा नं. २ | रु. ५००००/- | |
| २ | बाह्यखोप क्लिनिक निर्माण, जुव | वडा नं. २ | रु. १५००००/- | |
| ३ | बाह्यखोप क्लिनिक निर्माण, भाडीकोट | वडा नं. ३ | रु. १०००००/- | |
| जम्मा | | | रु. ३०००००/- | |

७. प्रस्ताव नं. ७ माथी छलफल गर्दा निम्न निर्णयहरु गरियो ।

१ आर्थिक सामाजिक रुपमा कमजोर अवस्था रहेका तपसिल बमोजिमका व्यक्तिहरुलाई केदारस्युँ गाउँपलिका विपद उद्दार तथा राहत वितरण (आर्थिक सहायता) सम्बन्धी मापदण्ड, २०७४ बुँदा २ घ अन्तरगत रही तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | नामथर | ठेगाना | रकम | कै. |
|---|---|---|---|---|
| १ | श्री धनमती देवी भट्ट | केदारस्युँ – १ | रु. १००००/- | आगलागिबाट घर पूर्ण नष्ट |
| २ | श्री रिउली देवी विष्ट | केदारस्युँ – ३ | रु. १००००/- | शारिरीक अंगभंग |
| ३ | श्री जुनकिरी देवी विष्ट | केदारस्युँ - ३ | रु. १००००/- | शारिरीक अंगभंग |
| ४ | श्री भमरा बोहरा | केदारस्युँ - ९ | रु. ३५०००/- | पाइपलाइन निर्माणका क्रममा मृत्यु |

२ यस गाउँपालिकाको प्रशासन शाखा अन्तरगत जिम्मा रहेको मोटर बाइक थान -१ प्राविधिक शाखामा अन्तरगत रहने गरि जिम्मेवारी दिने निर्णय गरियो ।